# छथर गाउँपालिका

# शुक्रवारे, तेह्रथुम

## परिचय :

छथर गाउँपालिका नेपालको १ नं. प्रदेश अर्न्तगत तेह्रथुम जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित तेह्रथुम सदरमुकामबाट १३ कोष टाढा रहेको छ ।

पूर्वी नेपालको १७ थुम मध्येको एक थुम छथर हो । छथर गाउँपालिका साविक ६ वटा गाविसहरु आङदिम, हमरजुङ, पञ्चकन्या, फाक्चामारा, ओखे र सुदाप मिलेर बनेको हो । हाल यसका छ वटा वडाहरु रहेका छन् ।

यसको पूर्वतर्फ पाँचथर जिल्ला, पश्चिम तर्फ धनकुटा जिल्ला, उत्तर तर्फ लालिगुराँस नगरपालिका, म्याङलुङ नगरपालिका र दक्षिण तर्फ तमोर नदी रहेको छ ।

यस गाउँपालिकाको क्षेत्रफल १३३.९३ वर्ग कि.मि. र १३३९३ हेक्टर रहेको छ ।

**भौगोलिक स्वरुप** : समुद्र सतहबाट ३२२ मि. देखि २५५० मि. उचाइ सम्म रहेको छ । यो छथर गाउपालिकाको केन्द्र शुक्रबारे बजार १९२० मि. उचाइमा रहेको र २७°०३'३१" उत्तरी अक्षांस र ८७°२७'०१' पूर्वी देशान्तरमा रहेको छ । ३ वटा वडाहरु पञ्चकन्या, फाक्चामारा र ओखे तमोर नदी सँग जेडिएर रहेका छन् र ती तमोर तटिए क्षेत्रमा सुक्खा भूभाग सुक्खा क्षेत्र रहेको छ । यहाँको हावापानी समशितोष्ण खालको छ । यहाँको प्रमुख खाद्यान्न बाली मकै, धान, कोदो, जुनेलो, बदाम आदि हुन् । यहाँको फलफुल खेतिमा सुन्तला, कागती, जुनार, हलुवावेद, एभोकाडो, आँप, लिचि, कटहर राम्रो फल्दछ । तरकारी खेतिको लागि पकेट एरिया आङदिम रहेको छ । यहाँ सबै जात जाति वसोवास रहेको मिश्रीत समुदाय रहेको छ । अरु सबै विवरणहरु तपसिल बमोजिमको ढाँचामा तथ्याङ्क तयार गरी उल्लेख गरिएको छ ।

<u>तपसिल : ( खण्ड क )</u>

**१. जनसंख्या जम्मा** : २०६८ को जनगणना अनुसार १६,७१५

महिला : ९०३६ (५४ %) पुरुष : ७६७९ (४६ %)

**२.परिवार संख्या : ३६३६**

**३.मुख्य धर्म** : हिन्दु , किराँत , बौद्ध , क्रिश्चियन आदि ।

**४.भाषिक जनसंख्या** : नेपाली :४९.७ % , लिम्वु : ४१.७ % , तामाङ ३.६ % , मगर : २.५ % शेर्पा : १.३ %

.नेवार : ०.२% , सुनुवार : ०.२ % , भुजेल : ०.३% , राई : ०.१ % , अन्य ०.४ %

**५.जातिगत विवरण** : लिम्वु : ४२.२% , क्षेत्री : २३.८% , वाहुन : ६.९% , तामाङ : ३.८ % , दलित १०.६ % नेवार : ३.३ % मगर : २.८ % , गुरुङ : १.४ % , ठकुरी :१.३ % , शेर्पा : १.५ % , सुनुवार ०.३ % राई ०.१ % , भुजेल : ०.२ % ,अन्य १.८

**६.शैक्षिक स्थिति :** विद्यालय/क्याम्पसको संख्या : स्नातक : ०१ ,

माध्यमिक विद्यालय : ०९ , आधारभुत : ३४ , बालविकास केन्द्र : ४६

जम्मा सामुदायिक विद्यालय : ४३ संस्थागत विद्यालय : ०४

विद्यार्थी संख्या मा.वि. तर्फ : छात्रा : ४८९ छात्र : ४३३ जम्मा ९२२

विद्यार्थी संख्या आ.वि. तर्फ : छात्रा : १२८८ छात्र : १३१० जम्मा २५९८

बालविकास केन्द्र तर्फ : : छात्रा : ३४७ छात्र :३६१ जम्मा ७०८

शिक्षक संख्या : महिला : ६५ पुरुष : १६० जम्मा २२५

**७.स्वास्थ्य संस्थाको स्थिति** :

अस्पताल : छैन , प्राथमिक स्वास्थ्य केन्द्र : छैन , स्वास्थ्य चौकी : ०६ , वर्थिङ सेन्टर : ०३ सूचारु। सामुदायिक स्वास्थ्य इकाइ : ०१ , खोप केन्द्र भवन : ०२ , आमा समूह : ६८

स्वास्थ्य जनशक्ति : हेल्थ असिस्टेण्ट/सि.अ.हे.व. : ०५ , अ. हे.व. : ११ , अ.न.मी. १२ , का.स. ०६

महिला स्वास्थ्य स्वयम् सेविका : ७० ,

**८.कृषि सम्वन्धी** :

कृषि उत्पादनको अवस्था :

नगदे बाली : अलैंची १३.५ मे.ट.,

अम्रिसो २६.८ मे.ट., वदाम ३.२ मे.ट., अवकरे खुर्सानी १२.६ मे.ट. , मौरी/मह : १४ सय लिटर , साथै पकेट कार्यक्रम अर्न्तगत मकै बिउ उत्पादन , तरकारी खेति, अकवरे खोर्सानी , सुन्तला , अलैंची आदि ।

**तरकारी बाली :** काउली वन्दा ६० मे.ट. , काउली फूल ९.४ मे.ट., आलु ६०.३ मे.ट. मटर कोसा ८ मे.ट. , भण्टा १.४ मे.ट., भिण्डी ८.८ क्विन्टल , स्कुस : २०.२ मे.टन. , करेला : ४ टन

घिरौंला २.१ मे.ट. , लौका १.७ मे.ट., बोडी १.१ मे.ट., सिमी २.४ मे.ट., मूला २१.५ मे.ट.

फलफुल : सुन्तला : ३५.४ मे.ट. कागति ११.८ मे.ट. आँप : १०.५ मे.ट. केरा १०.२ मे. अम्वा ३.२ मे.ट. नासपाति १५.३ मे.ट. , मेवा १.१ मे.ट. , लिचि १.१ मे.ट. , स्याउ ५.४ क्विन्टल

**कृषि भूमिको क्षेत्रफल :** ७८२६ हेक्टर , सिंचित क्षेत्रफल : ८० हेक्टर

कृषिमा आश्रित परिवार संख्या : ३१०० घरधूरी

**९ पशुपालनको स्थिति :**

१.पशुपालन गर्ने परिवार संख्या : २१८६

२.व्यवसाय दर्ता भइ पशु पालन गर्ने परिवार संख्या : ३१

३.व्यवसायको किसिम : गाइ/भैसी पालन व्यवसाय दर्ता : ०९

४.वाखा पालन व्यवसाय दर्ता : ११

५.बंगुर पालन व्यवसाय दर्ता : ०३

६.कुखुरा पालन व्यवसाय दर्ता : ०४

५.भेडा पालन व्यवसाय दर्ता : ०१

६.टर्की पालन व्यवसाय दर्ता : ०१

७.फ्रेस हाउस व्यवसाय दर्ता : ०२

८..दुध उत्पादन /संकलन गर्ने सहकारी संस्था १२

९.चिस्यान केन्द्र सञ्चालन ०१

१०. छुर्पी उद्योग ,, ०२

**१०.सडकको विवरण :**

१.पक्की सडक : छैन २. ग्राभेल सडक : छैन ।

३. सिधुवा शक्रबारे सडक कच्ची : ०९ कि.मि.

४ शुक्रबारे ओखे म्याङलुङ सडक कच्ची : २७ कि.मि.

५. शुक्रबारे हाक्पाराघाट सडक कच्ची : १८ कि. मि.

६. ट्राक ओपन : वडा नं. १ आङदिम : २५ कि.मि.

७. ट्र्याक ओपन : वडा नं. २ हम्मरजुङ्ग : ३० कि.मि.

८. ट्र्याक ओपन : वडा नं. ३ पञ्चकन्या : २५ कि. मि.

९. ट्राक ओपन : वडा नं. ४ फाक्चामारा : २० कि. मि.

१० ट्राक ओपन : वडा नं. ५ ओखे : २२ कि. मि.

११. ट्राक ओपन : वडा नं. ६ सुदाप : २४ कि. मि.

**११.पूलको विवरण** :

१.पक्की पूल बनेको संख्या : ०१

२ .झोलुङ्गे पूलको संख्या : ०६

**१२. सहकारी संस्था तर्फ** :

१. सहकारी दर्ता भएका संख्या : ४८

२. नविकरण भएको संख्या : ४८

३. व्यवसायमा आश्रित परिवार तथा सहकारीको सदस्य संख्या :

**१३. वडा कार्यालयको स्थिति तथा कार्यरत जनशक्ति :**

१. १ नं. वडा कार्यालय आंङदिम : कार्यालय भवन नभएको

जनशक्ति : वडा सचिव : १ सहायक कर्मचारी : १ , का. स. १

२. २ नं. वडा कार्यालय हम्मरजुङ्ग : कार्यालय भवन भएको

जनशक्ति : वडा सचिव १ , सहायक कर्मचारी १, सा.प. १ , का.स. १

३. ३ नं. वडा कार्यालय पञ्चकन्या : कार्यालय भवन भएको

जनशक्ति : वडा सचिव १ ,  सहायक कर्मचारी १ सा.प. १ , का.स. १

४. ४ न. वडा कार्यालय फाक्चामारा : कार्यालय भवन भएको ।

जनशक्ति : वडा सचिव : रिक्त , सहायक कर्मचारी १, सा.प. १ , का.स. १

५. ५ नं. वडा कार्यालय ओखे :  कार्यालय भवन भएको ।

जनशक्ति : वडा सचिव १ , सहायक कर्मचारी १ , सा.प. १ ,  का. स. १

६ . ६ नं. वडा कार्यालय सुदाप : कार्यालय भवन भएको ।

जनशक्ति : वडा सचिव १ , सहायक कर्मचारी १ , सा. प. १ , का.स. १

**१४.विद्युत तर्फ :**

१.विधुत उपयोग गर्ने घर धुरी : ९० %  ( ३२७२ घरधुरी )

**१५. खानेपानी तर्फ :**

१. खानेपानी सुविधा उपभोग गर्ने घर धुरी ७१.३ %  ( २५९२ घर धुरी )

**१६.सरसफाई तर्फ :**

१. शौचालय प्रयोग गर्ने घर धुरी : ९४ % ( ३३१७ घर धुरी )

२.सार्वजनिक सौचालयको संख्या : ०१

१६.सार्वजनिक पार्कको संख्या :     ०४

१७.सार्वजनिक खेलमैदानको संख्या : ०७

१८.बनले ढाकेको क्षेत्रफल तथा वनका प्रकारहरु :

१. वनले ढाकेको क्षेत्रफल :             ६३०७.१० हेक्टर

२.सामुदायिक वनको संख्या :            ५७ वटा

२.कवुलियती वनको संख्या :             ५२ वटा

३.निजी वन को संख्या :                ०२ वटा

**१९. ऐतिहासिक तथा धार्मिक केन्द्रको संख्या :**

**१.ऐतिहासिक स्थलहरु :**

१.मार्गा पोखरी र पटेक डाँडा आङदिम  २. सात तले गुफा आङदिम  ३. हाङ्मालुङ्ग, चाङसिङ गढी हम्मरजुङ्ग शुक्रबारे,  ४. पञ्चकन्या गढी ,  ५. हनुमाने ढुङ्गा, बाह्रविसे, ताक्लुङ्ग गढी, , कुकुरछिर्ने दारेगौडा ओखे/सुदाप

६.  च्याङ्गलुङ्ग गुफा, सुदाप ७. तमोर नदी ओखे, फाक्चामारा र पञ्चकन्या ।

**२. धार्मिक स्थलहरु  :**

१. रत्न देवी मन्दिर शुक्रवारे २.पञ्चकन्या देवी मन्दिर पञ्चकन्या ३. थाक्चोलुङ मन्दिर फाक्चामारा

४.गुप्तेश्वर मन्दिर हम्मरजुङ्ग ५. शिव मन्दिर फाक्चामारा ६. कृष्ण मन्दिर फाक्चामारा ७.जालपा देवी मन्दिर आङदिम ८.राम नवमी मन्दिर, सुदाप ९ .मालिङ गुम्वा आङदिम , १०. चर्च मन्दिर शुक्रबारे र सुदाप ।

**खण्ड ख : चौमासिक प्रगतिको झलक :** ( प्रथम चौमासिक २०७५/०७६ )

१.आन्तरिक राजश्वको आम्दानी विवरण : चालु वर्षको प्रक्षेपण रु. १८,००,०००।००

- चौमासिक राजश्व अशुली रकम रु. ३,९६,९३०। ( २२.०५% ) गत आ.व. को प्रथम चौमासिक भन्दा धेरै राम्रो रहेको ।

२.चालु आ.व.को प्रथम चौमासिकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भएको निकासा रकम रु :६,०८,५१,३२७।००

**२.क. सामाजिक सुरक्षा कार्यक्रम भत्ता वितरण तर्फ** :

१.जेष्ठ नागरिक संख्या जम्मा : ८६७

२.विधवा/एकल महिला जम्मा : ३२६

३.पूर्ण अपाङ्ग संख्या : २८

४.आंशिक अपाङ्ग : ३७

५.प्रथम चौमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण रकम रु. ८२,७९,८००।००

**३.हाल सम्मको खर्चको स्थिति :**

१.पुजिगत तर्फ : खर्च रकम रु. ९६,६६,२८५।००

२.चालु तर्फ खर्च रकम रु. ४,६६,६६,३३२।००

३.क. क्षमता विकास कार्यक्रम तर्फ : .......................................

४ हाल सम्म सम्झौता भएका तथा कार्यान्वयन भएका आयोजनाहरुको प्रगति स्थिति :

१. हाल सम्म सम्झौता भएका योजनाहरु : ३२

२. हाल सम्म सम्पन्न भएका योजनाहरु : ११

३.कार्यान्वयन भइरहेका योजनाहरु : २१

४.सम्झौता हुन बाँकी योजनाहरु : २५३

५.लागत अनमान तयार भएका योजनाहरु : ५०

**५.अन्य विषयहरु :**

क. नक्सा पास भएका विवरण : ...............................

ख.न्यायिक समितिमा परेका निवेदन संख्या : ०४

ग.फछ्र्यौट भएको स्थिति : ०२

**घ. सुशासनको अवस्था :** नागरिक वडापत्र : वन्दै गरेको , गुनासो सुन्ने अधिकारीको व्यवस्था : भएको सार्वजनिक सुनुवाइको अवस्था : भएको । स्थानिय रेडियो , स्थानिय पत्रपत्रिकामा जानकारी भएको ।

**६.स्थानीय तहले यस चौमासिकमा हासिल गरेका उल्लेखनीय उपलव्धीहरु :**

१.सिंधुवा शुक्रबारे सडक स्तरोन्नति गरी बाह्रै महिना सवारी साधन सञ्चालन हुने व्यवस्था मिलाइएको ।

२.खानेपानी समस्याको सामाधान गर्न डिप वोरीङ मार्फत खानेपानीको व्यवस्था गरिएको ।

३.अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन गरी खेल पर्यटनको विकास गरिएको ।

४.स्काइ सिटी निर्माणको थालनी गरिएको ।

५.उज्यालो छथर प्रारम्भ वर्ष घोषणा गरी क्रमागत काम भइरहेको ।

६.पूर्वाधारको मापदण्ड सहित कार्य प्रारम्भ गरिएको ।

७.स्वास्थ्य जागरण अभियान कार्यक्रम सञ्चालन भइरहेको ।

८. कृषिमा प्राविधिकीकरणको थालनी गरिएको र १ वटा हाटबजार स्थापना भएको ।

९.यस गाउँपालिकाको वडा नं ३ पञ्चकन्या , वडा नं. ४ फाक्चामारा र वडा नं. ५ ओखेमा सुक्खा ग्रस्त क्षेत्रमा ८५४ घरधुरीहरुलाइ राहात वितरण कार्यक्रम सम्पन्न गरेको ।

१०.शुक्रबारे बजारमा लेण्डलाइन फोन जडान गरेको , सवै वडाहरुमा ६९ वटा टोलविकास समिति गठन भएको ।

११. दीर्घ रोगीहरुलाइ सहयोग कार्यक्रम अन्तर्गत ५ हजार देखि २५ हजार रुपैया सम्म जम्मा ..२३.. जनालाई सहयोग पुर्‍याइएको र दैवि तथा पकृतिक प्रकोप ९ घर ।

१२.गाउँपालिका अध्यक्ष कप अन्तर स्थानीय तह स्तरीय भलिवल प्रतियोगिता सम्पन्न गरेको ।

**खण्ड ग : समस्याहरुः**

- **कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु**
  - आयोजना सञ्चालनमा परम्परागत सोच कायम रहनु,
  - दक्ष कर्मचारीको अभाव रहनु,
  - कर्मचारीहरु कामप्रति उत्प्ररित हुन नसक्नु,
  - अन्तिम समयमा आएर कार्य गर्ने परम्परा कायमै रहनु,

- **समस्या समाधानका उपायहरु**
  - उपभोक्ताहरुलाई तालिम/अभिमुखीकरणको व्यवस्था गरिनु पर्ने,
  - कर्मचारीलाई आवश्यक मात्रामा तालिमको व्यवस्था गर्नुपर्ने,
  - कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न मौद्रिक तथा गैह्र मौद्रिक प्रोत्साहनको व्यवस्था गरिनुपर्ने,
  - समय तालिका बमोजिम आयोजना सञ्चालन गर्ने कार्यको थालनी गर्नुपर्ने ।

- **समाधानको लागि शुरु गरिएका प्रयासहरु**
  - उपभोक्ताहरुलाई अभिमुखीकरणको थालनी गरिएको,

- समय तालिका बमोजिम आयोजना सञ्चालन गर्ने कार्यको थालनी गरिएको,
- सामाजिक परीचालकहरुलाई आयोजना सञ्चालन सम्बन्धी अनुशिक्षण कार्यक्रम गरिएको